# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः९ संख्याः १९ प्रमाणिकरण मितिः २०८३/०२/२२

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## विद्यालयमा आधारित विपद् जोखिम न्यूनिकरण स्रोत केन्द्र संचालन निर्देशिका, २०८३

**प्रस्तावना :**

बहु प्रकोपका घटनाहरुबाट उत्पन्न हुने विपद्को उच्च जोखिम भएको विश्वका विभिन्न मुलुकहरुमध्ये नेपाल पनि एक हो र यी प्रकोपहरु निरन्तर दोहोरिने स्वभावका छन् । मुलतः भूकम्प, बाढी, पहिरो, चटयाङ्ग, आगलागी, डढेलो, महामारी, सडक दुर्घटना जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण हाम्रो समाजमा वर्षेनी जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुकको विषम भू-बनोट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपको संख्या र प्रवृत्ति दिनानुदिन बढ्दो छ र यस्ता घटनाले तुलनात्मक रुपमा बालबालिका, विद्यार्थी, जेष्ठ नागरिक, अशक्त, सुत्केरी र कमजोर शारीरिक अवस्था भएका मानिसहरुको जीवन उच्च जोखिममा परेको छ । २०७२ साल बैशाख १२ गतेको विनासकारी भूकम्प संयोगले शनिवार घटेकोले कुनै विद्यार्थीले विद्यालयमा ज्यान गुमाउनु परेन र घाइते हुनु परेन यद्यपि उक्त घटनामा हजारौं विद्यालय र कक्षाकोठाहरु ध्वस्त भए । वास्तवमा गरिवी र कमजोर सामाजिक आर्थिक अवस्थाको कारण एकातिर हाम्रा अधिकाशं नीजि वा सरकारी संरचना पूर्वाधार कमजोर र संकटोन्मुख छन् भने अर्कोतर्फ विपद् जोखिम न्युनिकरण जस्तो मानव जीवनसंग जोडिएको संवेदनशील रणनैतिक कार्य सरकारको एक्लो पर्यत्न पर्याप्त छैन । यसमा सरकार र समुदाय दुबैको सहकार्य अपरिहार्य छ । मुलुक संघीयतामा प्रवेश गरे लगत्तै आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारसूचीमा छ भने विपद व्यवस्थापन पनि स्थानीय तहको जिम्मेवारीमा छ । अतः माध्यमिक तह सम्मका विद्यालयमा प्रत्यक्ष संलग्न हुने विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक परिचालन गरी समुदायस्तरमा विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी, उद्धार, राहत, पुर्नस्थापना लगायतका विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण मार्फत ज्ञान, सीप र जागरण फैलाई जीतपुरसिमरा उपमहानगरपालिकालाई विपद् मुक्त उपमहानगरपालिकाको रुपमा रुपान्तरण गर्न वान्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ अन्तर्गत दफा ११ को उपदफा २ "ज" र "न" को अधिकार प्रयोग गरि यो निर्देशिका जारी गरिएको छ ।

## खण्ड - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. नामः यस निर्देशिकाको नाम विद्यालयमा आधारित विपद् जोखिम न्यूनिकरण स्रोत केन्द्र संचालन निर्देशिका, २०८३ रहनेछ। जसलाई अंग्रेजीमा School Based Disaster Risk Reduction Resource Center Operational Guideline २०२६ र छोटकरीमा SBDRC भनिनेछ ।

ख. यस स्रोत केन्द्र जीतपुरसिमरा उपमहानगरपालिकाले छनौट गरेको कुनै एक सामुदायिक माध्यमिक विद्यालय हाता भित्र रहनेछ ।

ग. स्रोत केन्द्र स्थापनाको लागि विद्यालय छनौट गर्दा जीतपुरसिमरा उपमहानगरपालिकाले देहायका विषयलाई ध्यानमा राखेर छनौट गर्नु पर्नेछ ।

- तालिम तथा प्रदर्शनीको लागि आवश्यक कक्ष वा हल,
- स्रोत केन्द्रको दैनिक व्यवस्थापन गर्न कार्यालय/कोठा,
- सामग्री सुरक्षित राख्ने भण्डारण,
- सवारी पार्किङ्ग स्थल,
- प्रयोगात्मक अभ्यास गर्न सकिने सके सम्म विद्यालय हाता भित्र खुला मैदान भएको,
- बजार क्षेत्र देखि नजिकै र सुगम पहुंच मार्ग भएको,
- विजुली, पानी र इन्टरनेटको उपलब्धता
- केन्द्रको दैनिक व्यवस्थापन र रेखदेखका लागि आवश्यक कम्तिमा दुई जना जनशक्ति जसमध्ये एकजना फोकल पर्सन (सम्पर्क व्यक्ति) माध्यमिक स्तरको शिक्षक उपलब्ध गराउने विद्यालयको प्रतिवद्धता

घ. निर्देशिकाको प्रारम्भः यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

ङ. यस स्रोत केन्द्रमा जीतपुरसिमरा उपमहानगरपालिकामा रहेका देहाय बमोजिमका विद्यालय, संघ, संस्था तथा समुहहरु आवद्ध हुनेछन् :

| सि.नं. | आवद्ध |
|---|---|
| १. | उपमहानगरपालिका क्षेत्र भित्र रहेका माध्यमिक स्तर सम्मका सबै सामुदायिक विद्यालय |
| २. | उपमहानगरपालिका क्षेत्र भित्र रहेका माध्यमिक स्तर सम्मका सबै संस्थागत विद्यालय |
| ३. | उपमहानगरपालिकामा सूचीकृत भएका सबै टोल विकास संस्थाहरु |
| ४. | विद्यालयमा गठन भएका स्काउट, जुनियर रेडकस सर्कल |
| ५. | विद्यालय व्यवस्थापन समिति |
| ६. | अविभावक संघ |
| ७. | उपमहानगरपालिका भित्रका सबै सामुदायिक वन उपभोक्ता समुह |
| ८. | युवा तथा बाल क्लव |
| ९. | उपमहानगरपालिकामा सूचीकृत सबै आमा समुह, कृषक समुह |
| १०. | जीतपुरसिमरा उपमहाउपमहानगरपालिकालाई कार्यक्षेत्र बनाई वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनमा कार्यरत अन्य संघ संस्थाहरु |

## खण्ड - २
## स्रोत केन्द्रको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

### २. दिर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**क. दीर्घकालिन सोचः**

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै सामुदायिक तथा संस्थागत माध्यामिक विद्यालयलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी सैदान्तिक तथा व्यवहारिक ज्ञान, सिप र सचेतनाको माध्यमबाट जीतपुरसिमरा उपमहानगरपालिकालाई विपद् मुक्त उपमहानगरपालिकाको रुपमा रुपान्तरण गर्ने।

**ख. लक्ष्यः**

१. उपमहानगरपालिकामा बसोवास गर्ने सबै मानिसहरुलाई विपद् जोखिम न्यूनिकरण सम्बन्धी सचेतना फैलाउने,

२. विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक र स्थानीय अगुवाहरुलाई विपद् सम्बन्धी जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, उद्धार, राहत, पुर्नस्थापना र पुर्ननिर्माणको विषयमा क्षमता अभिवृद्धि गर्ने,

३. आपतकालिन समयमा पिडितलाई तत्काल आवश्यक पर्ने राहत तथा उद्धार सम्बन्धी स्रोत साधनको खोजीमा सहयोग पुर्याउने,

**ग. उद्धेश्य**

क. विद्यालय क्षेत्र सुरक्षित भएको प्रत्याभुति दिलाउदै सिकाई कार्यमा निरन्तरता दिन विद्यालयसंग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्ने विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावकहरुलाई सशक्तिकरण गर्ने,

ख. विपद् जोखिम न्यूनीकरणको व्यवस्थापन लगायत जलवायु परिवर्तन र अनुकुलन एवम् आपतकालिन अवस्थामा शिक्षा (Education in Emergencies) जस्ता अवधारणालाई संस्थागत गर्दै जाने,

ग. विपद् बाट हुन सक्ने अकाल मृत्यु, घाइते, अंगभंग र चोटपटक जस्ता घटनाबाट विद्यार्थी, शैक्षिक कर्मचारी, स्थानीय समुदायलाई बचाउने सम्बन्धी प्रशिक्षण दिने,

घ. प्राकृतिक तथा मानव सिर्जित प्रकोपको सन्दर्भमा उत्थानशिलता सम्बन्धी आधारभुत शिक्षालाई सबल र व्यवहारिक बनाउदै लैजाने,

ङ. भविष्यमा आउन सक्ने प्रकोपको भयलाई मध्यनजर गर्दै त्यस्तो समयमा पनि विद्यालय र स्थानीय समुदायको दैनिक गतिविधिलाई सुचारु गर्न सकिने रणनैतिक योजना बनाउन सहजिकरण गर्ने,

## खण्ड - ३
## केन्द्रको कार्य क्षेत्र

### ३. कार्यः

क. स्रोत केन्द्रसंग आवद्ध विद्यालय तथा स्थानीय सामुदायिक संघ, संस्था, समुह एवम् क्लवलाई उल्लेखित विषयहरुमा केन्द्रको नियमित कार्यतालिका वा मागको आधारमा केन्द्रमै अथवा माग गर्ने निकायलाई पायक पर्ने स्थलमै गएर विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम, प्रदर्शनी, प्रयोगात्मक अभ्यास, सचेतनामुलक कार्यकम, अन्तरक्रिया, गोष्ठि, छलफल आदि कार्यकम गर्नेछ ।

ख. स्रोत केन्द्रको कार्य क्षेत्र मुख्यतः देहाय बमोजिम हुनेछ ।

१. विपदको जोखिमलाई रोकथाम गर्ने (Prevention)
२. विपद् जोखिम न्यूनीकरण गर्ने (Mitigation)
३. विपद् व्यवस्थापन (Management)
४. पुर्नस्थापना तथा पुर्ननिर्माण (Rehabilitation and Reconstruction)
५. संगठन विकास तथा जनशक्ति व्यवस्थापन (OD and PM)
६. श्रोत परिचालन र वित्तिय व्यवस्थापन (Resource Management and Financial Management)
७. योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन (Planning, Implementation and Management)
८. सहयोग तथा पारस्परिक सम्बन्ध (Mutual Relationship and Cooperation)
९. समुदाय विकास तथा नव प्रर्वतनात्मक सीप विकास प्रवर्धन (Community Development and Innovation Skill and Promotion)
१०. विपद् व्यवस्थापन सम्बन्धी अनुसन्धान तथा विकास आदि (Research and Development)

ग. विद्यालय वा विद्यालय र समुदाय वीच अनुभवहरुको आदान प्रदान गर्ने ।

घ. सवल र प्रभावकारी Network संजाल निर्माण गर्ने ।

ङ. विद्यालय तथा स्थानीयस्तरमा व्यावसायीक क्षमता (Professionalism) अभिवृद्धि गर्ने स्रोत व्यक्तिहरु तयार गर्ने,

च. उपमहानगरपालिका र स्थानीय नागरिक विच आपसी सुसम्वन्धको विकास गर्ने ।

छ. मानव संसाधन विकास गर्ने ।

ज. व्यवसायिक तथा प्राविधिक अनुभवहरुलाई क्रमशः संस्थागत गरी अन्य स्थानीय तह तथा विद्यालयमा अनुभवको आदान प्रदान गर्ने ।

झ. समस्या समाधानका लागि पारस्पारिक सहयोगी भावनाको विकास गर्ने ।

## खण्ड - ४

## केन्द्रको रणनीति

**४. रणनीति :**

क. स्रोत केन्द्र (SBDRC) बारे जीतपुरसिमरा उपमहानगरपालिका भित्रका सम्पूर्ण आवद्ध विद्यालय, टोल विकास संस्था तथा अन्य संघ सस्थालाई बढी भन्दा बढी जानकारी गराईने छ ।

ख. स्रोत केन्द्र (SBDRC) ले विपद् जोखिम न्यूनीकरणको व्यवस्थापन लगायत जलवायु परिवर्तन र अनुकुलन एवम् आपतकालिन अवस्थामा शिक्षा (Education in Emergencies) जस्ता अवधारणाको प्रयोग गरी अपेक्षित नतिजा प्राप्त गर्न र स्रोतहरुसँग सुमधुर सम्बन्ध बनाउन आवद्ध संस्थाहरुलाई तिनीहरुको काममा सहयोग गर्नेछ ।

ग. विपद् जोखिम न्यूनीकरण सम्बन्धी राम्रा तथा अनुकरणीय कार्य गर्ने विद्यालय तथा सामुदायिक संस्थालाई थप प्रोत्साहन गर्ने र प्रचारप्रसार गरी अन्य विद्यालय तथा संस्थालाई उत्प्रेरित गर्न सहयोग गर्नेछ ।

घ. स्रोत केन्द्रले उपमहानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरु र नागरिक समाजका अगुवालाई समेत विपद् व्यवस्थापनमा अग्रसर गराउन थप ज्ञान, सिपको अभिवृद्धिमा सहयोग गर्नेछ ।

ङ. स्रोत केन्द्रले उपमहानगरपालिकाको विपद् व्यवस्थापन र शिक्षासंग सम्बन्धित नगर संगठन, संरचना, स्थानीय पाठ्यक्रम निर्माण लगायतका प्रक्रियामा सहजिकरण गर्ने तथा उनीहरुबीच प्रदान गरिने माग र आवश्यकता अनुरुपका सेवाहरुका निम्ति अनुभवहरु र अभ्यास बाड्नका निम्ति सहयोग गर्नेछ ।

## खण्ड - ५
## संचालन सम्वन्धी व्यवस्था

### ५. नीति निर्माण तह

(१) यस केन्द्रको संचालनको लागि निम्न बमोजिमको निर्देशक समिति रहनेछ । जसमा :

क. जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख — संयोजक

ख. नगर उपप्रमुख — सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख - सदस्य

ङ. विपद् व्यवस्थापन समितिको विषयगत संयोजक — सदस्य

च. प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना वरिष्ठ शिक्षक — सदस्य

छ. विपद् व्यवस्थापन शाखा प्रमुख — सदस्य-सचिव

समितिले आवश्यकता अनुसार स्थानीय प्रशासन, सुरक्षा निकाय तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य गरेको संस्थालाई पनि आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सक्नेछ ।

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क. स्रोत केन्द्र व्यवस्थापन समितिबाट पेश भएको बजेट, योजना तथा कार्यक्रमलाई आवश्कता अनुसार परिमार्जन गरी स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

ख. स्वीकृत बजेट तथा कार्यकम उपमहानगरपालिकाको प्रचलित कानून, विधि र पद्धती भित्र रही खर्च गर्ने गराउने,

ग. स्रोत केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक नीति निर्माण गर्ने र पारित गर्ने,

घ. स्रोत केन्द्रको उद्देश्य प्राप्तिका लागि व्यवस्थापन समितिलाई आवश्यक नीति निर्देशन तथा अधिकार प्रत्यायोजन गर्ने,

ङ. स्रोत केन्द्रको सोंच, लक्ष्य उद्धेश्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न योग्य साझेदार संस्थाको खोजी गर्ने, सम्झौता गर्ने र कार्यान्वयन गर्ने,

च. स्रोत केन्द्रबाट प्रदान गरिने प्रशिक्षण सम्बन्धी पाठ्य विषयवस्तु, समयावधी, प्रशिक्षकको रोष्टर र पारिश्रीमक लगायत क्षमता विकास कार्यक्रमका खर्चको सीमा निर्धारण गर्ने,

छ. प्रशिक्षकको रोष्टर तयार गर्दा स्थानीय प्रशासन, सुरक्षा निकाय, जिल्ला रेडक्रस, स्काउट, स्थानीय विपद् व्यवस्थापन विज्ञलाई प्राथमिकता दिई समावेश गर्ने र समानुपातिक ढंगले विज्ञताको उपयोग गर्ने,

ज. स्रोत केन्द्रको उद्देश्य विपरीत कार्य गर्ने आवद्ध विद्यालय तथा सामुदायिक संघ संस्थालाई आवश्यक सचेत गर्ने,

झ. केन्द्रसंग सम्बन्धित प्रशिक्षक तथा कर्मचारीहरुको प्रोत्साहन सम्बन्धि सेवा सुविधा निर्धारण गर्ने,

ञ. सम्पर्क व्यक्तिको छनौट गर्ने र निजको काम,कर्तव्य बारे निर्णय गर्ने,

ट. व्यवस्थापन समिति र स्रोत केन्द्रको काम कारवाहीको अनुगमन तथा निर्देशन दिने,

ठ. नियमित बैठकमा स्रोत केन्द्रको कार्य प्रगति र समीक्षा गर्ने,

ड. निर्देशिका कार्यान्वयन गर्दा आई पर्ने बाधा अड्काउ फुकाउने,

(३) निर्देशक समितिको नियमित बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नेछ तर आवश्यकता अनुसार अन्य समयमा पनि आकस्मिक बैठक बस्न सक्नेछ ।

(४) निर्देशक समितिको नियमति बैठकमा भाग लिने पदाधिकारीलाई उपमहानगरपालिकाको प्रचलित कानून बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

**६. व्यवस्थापन तहः**

(१) स्रोत केन्द्रको दैनिक कार्य संचालनका एउटा व्यवस्थापन समिति हुनेछ। जसको गठन देहाय बमोजिम हुनेछ।

क. शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक

ख. शिक्षा अधिकृत - सदस्य

ग. विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

ङ. नगर प्रहरी प्रमुख - सदस्य

च. स्रोत केन्द्रको सम्पर्क व्यक्ति (Focal Person) शिक्षक - सदस्य सचिव

(२) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

क. निर्देशक समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

ख. आवद्ध विद्यालय तथा सामुदायिक संस्थासंग समन्वय गरी प्राविधिक र अन्य सहयोग गर्ने ।

ग. केन्द्रको चौमासिक प्रतिवेदन सार्वजनिक गर्ने ।

घ. केन्द्रको आय व्ययको विवरण राख्ने ।

ङ. नियमित बैठकमा केन्द्रको कार्य प्रगति र समीक्षा गर्ने ।

च. वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

छ. SBDRC Focal Person को कार्य सम्पादनको समिक्षा गर्ने र सन्तोषजनक नलागेमा निर्देशक समिति समक्ष सम्पर्क व्यक्ति परिवर्तन गर्न राय सुझाव दिने

ज. निर्देशक समितिले दिएका निर्देशनहरुको पालना गर्ने, गराउने ।

**७. सम्पर्क व्यक्ति (SBDRC Focal Person) सम्बन्धी व्यवस्था :** स्रोत केन्द्र स्थापना भएको विद्यालयमा कार्यरत माध्यमिक तहको एकजना योग्य शिक्षक स्रोत केन्द्र सम्पर्क व्यक्ति ( SBDRC Focal Person) को रुपमा रहनेछन् । निजको नियुक्ती, सम्बन्धित विद्यालयको सिफारिसमा निर्देशक समितिले गर्नेछ । सम्बन्धित विद्यालयवाट (SBDRC Focal Person) सिफारिस नभए सम्म वा कुनै कारणवश उक्त पद रिक्त भएको खण्डमा र पदपूर्ति नहुँदा सम्म उपमहानगरपालिकाको विपद व्यवस्थापन हेर्ने कर्मचारीले सम्पर्क व्यक्तिको जिम्मेवारी निर्वाह गर्नेछ ।

**८. सम्पर्क व्यक्ति (SBDRC Focal Person) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क. निर्देशक समिति, व्यवस्थापन समिति र जीतपुरसिमरा उपमहानगरपालिकासंग नियमित सम्पर्कमा रहने।

ख. स्रोत केन्दको दैनिक व्यवस्थापन र रेखदेखको लागि मुख्य जिम्मेवारी लिई कार्य सम्पादन गर्ने ।

ग. स्वीकृत कार्यक्रमहरुको कार्यान्वनको लागि सुची बनाई व्यवस्थापन समितिमा छलफल गर्ने ।

घ. स्रोत केन्द्रमा रहेको विपद् व्यवस्थापन सम्बन्धी प्रदर्शनी स्थल तथा अन्य सूचनामुलक सामग्रीको बारेमा जिज्ञासा राख्न आउने व्यक्तिहरुलाई जानकारी दिने, सहजिकरण गर्ने ।

ङ. स्वीकृत तालिम तथा अन्य कार्यक्रमहरुको कार्यान्वयनको लागि स्वीकृत स्रोत व्यक्ति रोष्टर भित्रका सहजकर्तालाई सम्पर्क गर्ने, तालिम प्रशिक्षण कार्यकमको लागि व्यवस्थापन समितिसंग समन्वय गरी आवश्यक प्रवन्ध मिलाउने, पत्राचार गर्ने ।

च. स्रोत केन्द्रको वारेमा जानकारी राख्न चाहने जो कोहिलाई पनि जानकारी उपलव्ध गराउने ।

छ. बेलाबेलामा क्षेत्रीय अध्ययन केन्द्रले मागेका सुचनाहरु तथ्यांकहरु उपलव्ध गराउने ।

ज. उपमहानगरपालिका तथा जिल्लास्तरमा रहेका विपद व्यवस्थापनसंग जोडिएका संस्थासंग व्यवस्थापन समितिको सहमतिमा सम्बन्ध विस्तार गर्ने, क्षमता अभिवृद्धि सम्बन्धी सम्भावनाको खोजी गर्ने

झ. निर्देशक समिति र व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्ने गराउने ।

## खण्ड - ६

## शुल्क तथा कोष सम्बन्धि व्यवस्था

क. स्रोत केन्द्रको दीर्घकालिन संचालन र व्यवस्थापनको लागि केन्द्रसंग उपमहानगरपालिका अन्तर्गतका तपसिलका विद्यालय, कलेज र सामुदायिक संस्थाहरुलाई क्षमता विकास तथा प्रशिक्षण कार्यक्रममा आबद्ध गराईनेछ ।

| सि.नं. | आवद्ध | शुल्क |
|---|---|---|
| १ | उपमहानगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक र संस्थागत क्यम्पस, कलेज तथा माध्यामिक स्तरका विद्यालयहरु | |
| २ | उपमहानगरपालिका क्षेत्र भित्र रहेका माध्यमिक स्तर सम्मका सबै संस्थागत विद्यालय | |
| ३ | उपमहानगरपालिकामा सूचीकृत भएका सबै टोल विकास संस्थाहरु | |
| ४ | विद्यालयमा गठन भएका स्काउट, जुनियर रेडकस सर्कल | |
| ५ | विद्यालय व्यवस्थापन समिति | |
| ६ | अविभावक संघ | |
| ७ | उपमहानगरपालिका भित्रका सबै सामुदायिक वन उपभोक्ता समुह | |
| ८ | युवा तथा बाल क्लव | |
| ९ | उपमहानगरपालिकामा सूचीकृत सबै आमा समुह, कृषक समुह | |
| १० | जीतपुरसिमरा उपमहाउपमहानगरपालिकालाई कार्यक्षेत्र बनाई वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनमा कार्यरत अन्य संघ संस्थाहरु | |

**ख.** स्रोत केन्द्रको स्वीकृत बार्षिक कार्ययोजना तथा बजेट अनुसार कार्यक्रम संचालन तथा व्यवस्थापनमा लाग्ने खर्च उपमहानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट गरिनेछ ।

## खण्ड - ७

## कर्मचारी सम्बन्धि व्यवस्था

क. स्रोत केन्द्र संचालनका लागि आवश्यक पर्ने थप कर्मचारीको व्यवस्था सामान्यतया स्रोत केन्द्र रहेको विद्यालयले गर्नेछ । तर विशेष कार्यक्रममा विद्यालयसंग जनशक्ति र अन्य स्रोतसाधन अपुग भए, स्रोत केन्द्रको सम्पर्क व्यक्तिले व्यवस्थापन समितिसंग समन्वय गरी थप सहयोगका लागि उपमहानगरपालिका र अन्य उपयुक्त संस्थासंग उक्त व्यवस्थापन गर्नु पर्नेछ ।

ख. विद्यालयबाट व्यवस्था गरिएको कर्मचारीको आधारभूत तलब, भत्ता सोहि विद्यालयले व्यहोर्नु पर्नेछ ।

## खण्ड - ८

## कार्यक्रम संचालन सम्वन्धी व्यवस्थाः

क. स्रोत केन्द्रले स्वीकृत वार्षिक कार्ययोजना अनुरुप कार्यक्रम संचालन गर्नेछ। तर अन्य निकायबाट माग भएको खण्डमा नियमानुसारको शुल्क लिई पनि कार्यक्रम संचालन गर्न सक्नेछ ।

ख. केन्द्र मार्फत संचालन हुने स्वीकृत कार्यकमहरुमा सहभागीलाई उपमहानगरपालिकाको प्रचलित नियम बमोजिम यातायात खर्च र खाजा खर्च केन्द्रले उपलब्ध गराउने छ ।

ग. तालिममा प्रदान गरिने Manual, कार्यक्रम वा प्रशिक्षण सामाग्री केन्द्रको निर्देशक समिति, व्यवस्थापन समितिसंग प्रत्यक्ष सम्पर्कमा रहेर तयार गर्नेछ ।

घ. पहिलो पांच आर्थिक वर्षको पूर्ण आय व्ययको जिम्मेवारी जीतपुरसिमरा उपमहानगरपालिकाको हुनेछ र छैठौं वर्षदेखि क्रमश विस प्रतिशत कटौती गरी स्थापना भएको दश वर्ष भित्र स्रोत केन्द्र पूर्णरुपमा आत्मनिर्भर भई संचालन हुनेछ ।

ङ. केन्द्र पूर्णरुपमा आत्मनिर्भर भए पनि केन्द्रको दिर्घकालिन व्यवस्थापनको लागि जीतपुरसिमरा उपमहानगरपालिकाले वार्षिक रुपमा न्यूनतम रुपमा बजेट व्यवस्थापन गरिरहनेछ ।

च. केन्द्र मार्फत संचालन तथा विकसित गरिने Training Packages मा प्रशिक्षकको पारिश्रमिक स्वीकृत प्रस्तावना अनुसार हुनेछ ।

छ. केन्द्रद्वारा तयार गरिएका प्रशिक्षण सामाग्री Manual तथा तालीम प्याकेज सरोकारवाला संघ संस्थालाई उपयोगमा ल्याउनका लागि व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

## खण्ड - ९

## विविधः

क. यो निर्देशिकामा भएका व्यवस्थाहरुमा आवश्यक संशोधन गर्नु परेमा निर्देशक समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकबाट गर्न सक्नेछ ।

आज्ञाले,<br>
डमरु प्रसाद निरौला<br>
प्रमुख प्रशासकीय अधिकृत